# आर्थिक वर्ष २०७६/०७७ को बजेट बक्तव्य

## स्वीकृत मितिः २०७६/०३/१०

## मिक्लाजुङ गाउँ कार्यपालिकाको कार्यालय

रवि, पाँचथर

प्रदेश नं. १

**प्रस्तोता**
उर्मिला राई
उपाध्यक्ष

# बजेट वक्तव्य :

## अध्यक्ष महोदय,

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

आगामी वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु ३९ करोड ५२ लाख २८ हजार रुपैया विनियोजन गरिएको छ । कुल विनियोजन मध्ये चालुतर्फ रु. १९ करोड ३८ लाख ४१ हजार अर्थात ४९.०५ प्रतिशत र पूँजीगत तर्फ रु. २० करोड १३ लाख ८७ हजार अर्थात ५०.९५ प्रतिशत रहेको छ । आगामी आ. व. को लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये संघबाट प्राप्त वित्तीय समानीकरणबाट रु ९ करोड ९९ लाख, संघीय राजश्व बाँडफाँडबाट प्राप्त हुने रु ७ करोड ९१ लाख प्रदेशमार्फ वित्तीय समानिकरण स्वरुप प्राप्त हुने रकम रु ७० लाख ०४ हजार रुपैँया, र राजश्व बाँडफाँडबापत प्राप्त हुने रु. ६४ लाख ५९ हजार , त्यसैगरी संघीय सशर्त अनुदान स्वरुप रु १८ करोड ५२ लाख रुपैंया, मिक्लाजुङ गाउँपालिकाको आघिल्लो आ.व. २०७५/०७६ को बाँकी अनुमानित मौज्दातस्वरुप रु १ करोड ३० लाख रुपैँया, बहुक्षेत्रीय पोषण कार्यक्रमको रुपमा ससर्त अनुदान स्वरुप प्राप्त हुन आउने रु १४ लाख ६५ हजार रुपैँया र आन्तरिक राजस्वबाट रु. ३१ लाख रुपैया व्यहोरिने छ ।

## चालु आर्थिक वर्षको लागि विभिन्न क्षेत्रमा छुटाइएको बजेटः

### १. आर्थिक विकास

- आर्थिक विकासलाई टेवा पुऱ्याउने उद्धेश्यले पर्यटन प्रवर्द्धनको दिर्घकालीन सोचअनुरुप यस गाउँपालिकाको गौरवको आयोजनाको रुपमा आ.व. २०७४।०७५ मा स्थापित जरिबुटे वेहुली ढुंगा बौद्ध मूर्ति निर्माणका लागि रु १ करोड ५० लाख विनियोजन गरि मिक्लाजुङ गाउँपालिकाको गौरवको आयोजनालाई रुपमा निरन्तरता दिइएको छ । साथै, यस गाउँपालिकाको आर्थिक समुन्नति तथा उच्चतम प्रतिफल दिने योजनाहरुमार्फत आर्थिक समृद्धिको संभावनालाई दिशानिर्देश गरिने प्रयास गरिएको छ ।

### २. सामाजिक विकास

- शिक्षा क्षेत्र विकासका लागि सबैका लागि शिक्षा प्रदान गर्ने उद्देश्यले सशर्त अनुदानमा प्राप्त रकम सँगै थप वित्तिय समानिकरण अनुदानबाट रकम विनियोजन गरिएको छ ।
- स्वास्थ्य क्षेत्रको लागि कार्यक्रम अनुसार सशर्त अनुदानमा प्राप्त बजेट सँगै थप वित्तिय समानिकरण अनुदानबाट औषधि तथा अन्य स्वास्थ्य सम्बन्धी सामाग्री खरिदको लागि थप रकम विनियोजन गरिएको छ ।
- विभिन्न जातजाती ,लिङ्ग ,वर्ग ,भाषा ,धर्म ,सँस्कार संस्कृतिको संरक्षण कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

- युवा पुस्तालाई खेलकुद प्रति प्रेरित गर्न खेलकुद तथा खेलकुद विकास कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- शैक्षिक क्षेत्रको विकासका लागि शिक्षा शाखामार्फत तथा विद्यालयस्तरीय खेलकुद कार्यक्रम राखिएका छन् ।
- लक्षित कार्यक्रम अन्तर्गत महिला तथा बालवालिका ,उपेक्षित उत्पिडित वर्ग ,फरक क्षमता भएको व्यक्तिहरुको क्षमता विकास कार्यक्रम लगायत गा.पा.को निर्णय अनुसार अन्य कार्यक्रमहरुका लागि बजेटको व्यवस्था गरिएको छ ।

## ३. पूर्वाधार विकासमा

- मिक्लाजुङ गाउँपालिकाको मुख्य आधारस्तम्भको रुपमा गाउँकार्यपालिकाको भवन निर्माण अत्यावश्यक रहेको हुँदा गाउँपालिका भवन निर्माणका लागि गतको ५० लाखमा २ करोड रकम थप गरी रु २ करोड पचास लाख परिएको छ ।
- यस गाउँपालिकाको सबै वडालाई सडकसञ्जालमा ल्याउने उद्धेश्यले कृषि सडक स्तरोन्नतिका लागि थप ६० लाख रकम विनियोजन गरिएको छ ।
- यस गा.पा भित्र रहेका विभिन्न सडक तथा बाटोहरुलाई मुख्य, प्रमुख, सहायक, कच्चि र अन्य गरी वर्गिकरण गरी सडक तथा बाटो लाई चौडाई गर्दै पानीको निकासको लागि ढल तथा नाला बनाउन विशेष ध्यान दिइनेछ ।
- सडक तथा बाटो निर्माणमा जन श्रमदान गरी स्थानीय उपभोक्तको सहभागिता हुने गरी सडक तथा बाटो निर्माणमा प्रथमिकता दिइनेछ । जस्को लागि गा.पा. निर्णय अनुसार खर्च हुने गरी बजेटको व्यवस्था गरिएको छ ।

## ४. विपद् व्यवस्थापन

- सडक तथा बाटो निर्माण सँगै पानीको निकास तथा बाढी नियन्त्रणकाको लागि तार जाली ह्यूमपाइप खरिद गर्ने तथा विभिन्न ठाउँमा कल्भर्ट निर्माणको आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- विपद् व्यवस्थापनका लागि आगामि दिनमा थप प्रभावकारी बनाउन विपद् कोषको व्यवस्थापन गरी रु. १० लाख रकम थप गरिएको छ ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाहमा

- गाउँपालिकाको लागि आवश्यक पर्ने फर्निचर , सवारी साधन र मेशिनरी औजारको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

## ६. वित्तीय व्यवस्थापन र सुशासनमा

- वित्तीय व्यवस्थापन र सुशासनको लागि सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण तथा सुशासन, आन्तरिक लेखा परिक्षण र आन्तरिक नियन्त्रण तथा अन्तिम लेखा परिक्षण र बेरुज फर्यौट गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ,
- पत्रपत्रिका तथा अन्य संचार माध्यममा विज्ञापन, समाचार तथा वृत्तचित्रको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

- यस आ.व. देखि गाउँपालिकाका सबै बजेट तथा कार्यक्रमहरु SUTRA मा प्रविष्टि गरी कार्यान्वयनमा ल्याइनेछ ।

## ७. वडा कार्यालयहरुमा (रु ५,००,८०,०००)

- **प्रत्येक वडाको विकास निर्माणको लागि प्रत्येक वडालाई सो वडाको जनसंख्या, भौगोलिक विकटता र भारित लागतअनुसार निम्नानुसार बजेट विनियोजन गरिएको छ ।**
-

| वडा | बजेट (रु. मा) | कैफियत |
|---|---|---|
| १ | ५४,४०,००० | |
| २ | ६२,४०,००० | |
| ३ | ७०,४०,००० | |
| ४ | ७९,२०,००० | |
| ५ | ७०,४०,००० | |
| ६ | ४६,४०,००० | |
| ७ | ५३,६०,००० | |
| ८ | ६४,००,००० | |
| **जम्मा** | **५,००,८०,०००** | |

**८.** वडा कार्यालय र विषयगत शाखाले प्राप्त अख्तियारी प्रचलित ऐन नियम, गाँउकार्यापालिकाको निर्णय, प्रमुख प्रशासकिय अधिकृतको निर्देशन अनुसार समयमा कार्य सम्पन्न गर्नु पर्नेछ त्यसरी सम्पन्न गर्न नसकेमा अख्तियारी फिर्ता लिन सक्नेछ । साथै प्रदान गरिएको अख्तियारीको आर्थिक तथा वित्तिय जिम्मेवारी र जवाफदेहिता अख्तियारी प्राप्त गर्ने कर्मचारी, वडा समितिको कार्यालय र विषयगत शाखाको हुनेछ ।

## ९. विषयगत कार्यालयहरुको लागि

वित्तिय समानिकरणमा प्राप्त बजेट मध्येबाटै जिल्ला स्थित विषयगत कार्यालयहरु जस्तै ( जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु कार्यालय, महिला तथा बालवालिका कार्यालय, सहरि विकास, सिचाई , जिल्ला वन कार्यालय, खानेपानी तथा सरसफाई र युवा तथा खेलकुद ) बाट संचालित कार्यक्रहरु गाउँपालिकाले संचालन गर्नु पर्ने भएको र विषयगत सबै कार्यालयहरुबाट कार्यक्रम र कार्यक्रममा लाग्ने बजेटको विवरण प्राप्त नभएकोले जम्मा अनुमानित बजेट शशर्तबाहेक रु १ करोड ४५ लाख छुटाइएको छ । छुटाइएको अनुमानित बजेट गाउँकार्यपालिकाको निर्णय अनुसार आयोजनाहरुमा खर्च गरिनेछ । यसरी छुटाइएको बजेट विषयगत कार्यालयको कार्यक्रम भन्दा बढी भएमा गाउँकार्यपालिकाले निर्णय गरी अन्य शीर्षकमा खर्च गर्न सकिन्छ ।

## १०. वित्तिय व्यवस्थापनको लागि

- शेयरमा लगानी गर्नको लागि आवश्यक पर्ने शेयर खाता र बैक खाता रविमा रहेको कृषि विकास बैंक, शाखा कार्यालयमा खोल्ने व्यवस्था गरिने छ ।

## ११. अन्य कार्यक्रमहरुमा

- वर्तमान समयमा प्रदेश, संघ तथा साझेदार निकायहरुबाट आउने बजेट साझेदारी अवधारणामा वढी आउने हुँदा ठुला ठुला आयोजनाहरु सञ्चालनमा ल्याउन २ करोड ५० लाख बजेट विनियोजन गरी समपुरक कोषको व्यवस्था गरिएको छ ।
- स्थानीय तथ्याङ्क सङ्कलन गरी अभिलेख व्यवस्थापन गर्नको लागि (software खरिद तथा data entry) गर्नको लागि आवश्यक बजेट व्यवस्था गरि स्थानीय अभिलेखको शुरुवात गर्ने व्यवस्था गरिएको छ ।
- गाउँपालिकाको लागि विपद् व्यवस्थापन कोष, मर्मत सम्भार कोष र कर्मचारी कल्याण कोषमा केहि रकम व्यवस्था गरिएको छ ।
- कोषमा विनियोजित रकम आवश्यकताअनुसार गाउँ कार्यपालिकाको निर्णयानुसार रकमान्तर गरी खर्च गर्न सक्ने व्यवस्था गरिएको छ ।

**११.** गाउँकार्यपालिकाबाट कार्यान्यन हुने पूँजीगत कार्यक्रम तथा आयोजनाहरुको व्यवस्थापनको लागि दुई (२) प्रतिशत कन्टिन्जेन्सी खर्च कटा गरिनेछ । कन्टिन्जेन्सी खर्च कार्यक्रम तथा आयोजना व्यवस्थापन र चालु खर्चका विभिन्न शीर्षक खर्च गर्न सकिनेछ । तर कन्टेनजेन्सी खर्चको प्रतिशत संघ वा प्रदेश सरकारले तोकेमा सोही बमोजिम हुनेछ ।

# वहुक्षेत्रिय पोषण योजना कार्यक्रम २०७६/०७७

वहुक्षेत्रिय पोषण अन्तर्गत जम्मा **१४,६५,०००** (अक्षरेपी चौध लाख पैंसट्ठी हजार) रकम विनियोजन गरिएको छ ।

## चालु खर्च बाट संचालन हुने विभिन्न कार्यक्रमहरु अन्य व्यवस्थाहरुः

## १२. पदाधिकारीहरुको सेवा सुविधा

प्रदेश सचिवालयबाट जारी गरिएको "गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को अनुसुचि १ (क) र अनुसुचि-२ बमोजिम पदाधिकारीहरुको सेवा सुविधा प्रदेश कानुन बमोजिम हुने व्यवस्था गरिएको छ।

## १३. अनुगमन तथा मुल्याङ्कन भ्रमण भत्ताको व्यवस्था

गाउँपालिका अन्तर्गत हुने आयोजनाहरुको अनुगमन तथा मुल्यांकन गर्न तथा गा.पा. अन्तर्गत रहेका विभिन्न कार्यालयहरुको अनुगमनका लागि पदाधिकारी तथा कर्मचारीहरुको लागि अनुगमन तथा मुल्याङ्कन भत्ताको दर नेपाल सरकार तथा प्रदेश सरकारद्धारा प्रतिपादित नियमानुसार हुनेछ।

- अध्यक्ष र उपाध्यक्षको अनुगमन तथा मुल्याङ्कन आदेश अध्यक्षले स्वीकृत गर्न सक्ने छ।
- गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतले गाउँपालिका अन्तर्गत रहेका कार्यालयहरुको अनुगमन गर्दा आवश्यक निर्देशन दिन सक्नेछ, निर्देशनको पालना गर्नु सम्बन्धीत कार्यालय प्रमुखको कर्तव्य हुनेछ।
- वडा स्थित विषयगत कार्यालय ,आयोजनाहरु वडा अध्यक्ष लगायत सदस्यहरुले अनुगमन गरि निर्देशन गर्नेछ।
- पदाधिकारीहरु तथा कर्मचारीहरुको भ्रमण तथा दैनिक भत्ताको दरहरु नियमानुसार हुनेछ।

## १४. सामाजिक सुरक्षा

**आ.व. २०७६/७७ मा प्राप्तमा हुने सामाजिक सुरक्षाको बजेट सोही अनुसार खर्च गरिनेछ।**

## १५. प्राविधिक सेवाको सम्बन्धमाः

विभिन्न आयोजनाहरुको लागत अनुमान, मुल्यांकन तथा कार्यसम्पादन मुल्यांकन गर्न आवश्यक परेमा बाहिरको प्राविधिक वा संस्थाबाट प्रमुख प्रशासकीय अधिकृतले सेवा करार लिन सक्नेछ।

**१६.** गाउँकार्यपालिका कार्यालयको विभिन्न कार्य, कार्यक्रम, आयोजनाहरुमा विभिन्न व्यक्तिहरुलाई कार्यकारी अधिकृतले डोर हाजिर अनुसारको कार्यमा खटाउन स्वीकृत गर्न सक्नेछ।

**१७.** वार्षिक स्वीकृत कार्यक्रममा गाउँपालिकाको निर्णय अनुसार भनिएका कार्यक्रम तथा योजनाहरु बाहेक अन्य कार्यक्रमहरु कार्यकारी अधिकृतले स्वीकृत गरी कार्यान्वयन गराउन सक्नेछ।

**१८.** समपुरक कोष, आकस्मिक कोष, कर्मचारी कल्याण कोष, मर्मत संभार कोष तथा अन्य कोषहरुमा छुटाइएको बजेट सो कोष सँग सम्बन्धीत कोष संचालन कार्यविधि पारित गरी प्रयोगमा ल्याइने व्यवस्था गरिने छ।

**सभा अध्यक्ष, प्रमुख अतिथि तथा अतिथि ज्यूहरु**

यो वजेट तर्जुमाको सिलसिलामा मार्ग निर्देशन गर्नु हुने ,निर्माणको प्रकृयामा सहयोग पुऱ्याउनु हुने पालिका प्रमुख ,प्रमुख प्रशासकिय अधिकृत, श्रोत अनुमान समिति , वजेट तर्जुमा समिति सदस्यहरु तथा क्षेत्रगत विषय समिति सदस्य ज्यूहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा मिक्लाजुङ गाउँपालिकाको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुऱ्याउनका लागि कार्यान्वयनको क्रममा सबै पक्षको पूर्ण सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

**धन्यवाद**